# बेथानचोक गाउँपालिका

## मानव अधिकार
## र न्यायमैत्री गाउँपालिका

# घोषणापत्र

(२०७७ असार १० गते आयोजित
सातौं गाउँसभाबाट पारित)

TrueMitra Designs
MightyBackgrounds.com

# प्रस्तावना

प्रत्येक मानवमा अन्तर्निहित प्रतिष्ठा, उनीहरूको सम्मानजनक र सुरक्षित जीवन जिउन पाउने अविछिन्न अधिकारको प्रत्याभूति नै विश्वमा स्वतन्त्रता, न्याय र शान्तिको आधार भएकोले,

संयुक्त राष्ट्र संघ मानव अधिकारको विश्वब्यापी घोषणापत्र १९४८, जातीय भेदभाव उन्मूलन, नागरिक राजनीतिक आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार, महिलाविरूद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन, यातना, बाल अधिकार, आप्रवासी कामदारहरूको अधिकार, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, आदिवासी अधिकार, विकास अधिकार लगायत नेपाल पक्ष राष्ट्र भएको मानव अधिकार तथा मानवीय अधिकारहरू सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी तथा प्रतिज्ञापत्रहरू प्रति प्रतिबद्ध हुदै,

मानव अधिकारको स्थानीयकरण गर्ने विश्वब्यापी अभियान प्रति ऐक्यबद्धता जाहेर गर्दै संयुक्त राष्ट्र संघ मानव अधिकार परिषदको मानव अधिकार प्रबर्धनमा स्थानीय सरकारहरूको भूमिका प्रभावकारी बनाउने प्रस्तावको भावना बमोजिम मानव अधिकारको रक्षा, सम्बर्धन र परिपूर्ति गर्ने कर्तब्य गाउँपालिकाको समेत रहने अवधारणालाई आत्मसाथ गर्दै,

नेपालको वर्तमान संविधानले ब्यवस्था गरेको मौलिक हक अधिकारहरू सहित सामाजिक आर्थिक राजनीतिक अधिकार लगायत नेपाल सरकारको दीर्घकालिन दृष्टिकोण, दिगो विकास एजेण्डा २०३०, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र नेपाल

सरकारले जारी गरेको मानव अधिकार सम्बन्धी कानूनहरू र राष्ट्रिय कार्ययोजनालाई गाउँपालिका भित्र कार्यान्वयन गर्दै शान्तिपूर्ण, न्यायपूर्ण, समतामूलक, लोकतान्त्रिक, सुखी, सम्बृद्ध र समावेशी समाज निर्माण गर्ने संकल्पका साथ यो घोषणापत्र जारी गर्दछ ।

## घोषणाहरू

### १. शान्ति, सुरक्षा र हिंसा मुक्त समाज

१.१) गाउँपालिका भित्र सवै किसिमको हिंसा, बिशेषत: महिला र बालबालिका र अपाङ्गता भएका ब्यक्तिहरू बिरूद्ध हुने हिंसाहरूको अन्त्य गरिने छ ।

१.२) वाल विवाह, अनमेल विवाह, वहुविवाह र जबरजस्ती विवाह पूर्णरूपमा बन्देज गरिने छ । बोक्सीको आरोप जस्ता अन्धविश्वास र अमानवीय अभ्यासहरू निषेध गरिने छ ।

१.३) जातीय छुवाछुत र जातीय भेदभाव बिरूद्ध नीति बनाई लागू गरिने छ ।

१.४) बलपूर्वक श्रम गर्न लगाउने र मानव वेचविखन विरूद्ध नीति बनाइने छ र बाल श्रमको पूर्ण रूपमा अन्त्य गरिने छ ।

१.५) घर, कार्यालय, सार्वजनिक स्थान तथा सवारी साधनमा महिला, अशक्त तथा सवैको सुरक्षाको प्रत्याभूति गरिने छ साथै यौनजन्य हिंसालाई दण्डनीय बनाउने आवश्यक नीति तथा ब्यवस्था गरिने छ ।

१.६) सबै किसिमका अपराध र अपराधिक गतिविधिहरूको अन्त्य गरिने छ । आत्महत्या रोकथामको लागि मनोसामाजिक परामर्श लगायत अन्य कार्यक्रम संचालन गरिने छ ।

१.७) लैंगिक तथा यौनिक अल्पसंख्यक र धार्मिक तथा जातीय अल्पसंख्यक समुहहरूको सुरक्षा र सुविधाको लागि आवश्यक कार्यक्रमहरू संचालन गरिने छ ।

## २. न्यायमा पहुँच

२.१) स्थानीय न्यायिक समिति तथा मेलमिलाप केन्द्रलाई सुदृढ र प्रभावकारी बनाइने छ । कानूनको शासन र कानूनी राज्यमा सबै नागरिकहरूको न्यायमा समान पहुँच पुऱ्याउन न्यायिक कार्यलाई प्रभावकारी रूपमा प्रवर्धन गरिने छ । सर्वसाधारणहरूमा कानूनी साक्षरता र सशक्तिकरणका लागि कार्यक्रमहरू संचालन गरिने छ ।

२.२) द्वन्द पिडित र प्राकृतिक प्रकोपबाट पिडित र जोखिमपूर्ण जीवन यापन गर्नेहरू पहिचान गरी आवश्यक सहयोग र सहुलियत प्रदान गरिने छ ।

## ३. आधारभूत सेवाको सुनिश्चितता

३.१) सबै नीति नियम ऐन कानून तथा कार्यक्रमहरू समानता र समन्यायको सिद्धान्तमा आधारित हुने छ । सम्पूर्ण विकास निर्माणका योजना तथा कार्यक्रमहरू विधि र नियमसंगत रूपमा छनौट गरी कार्यान्वयन गरिने छ ।

३.२) सार्वजनिक सेवाहरू सहज सरल गुणस्तीय र समयमै प्राप्त गर्नको लागि गाउँपालिका लगायत स्थानीय सार्वजनिक निकायहरूलाई पारदर्शी, जवाफदेही, चुस्त र समावेशीकरणको सिद्धान्तमा आधारित भई बनाइने छ । सेवा प्रवाहलाई प्रभावकारी बनाउन बिद्युतीय सेवा प्रणालीलाई क्रमशः विकास र बिस्तार गर्दै लगिने छ । सदाचार र उच्च नैतिकता स्थानीय शासनको आधारशिला हुने छ ।

३.३) वालवालिका लगायत सबै नागरिकहरूलाई पोषण, खाद्य सुरक्षा र आवासको ब्यवस्था गरिने छ ।

३.४) शान्ति, लोकतन्त्र, मानव अधिकार, लैंगिक समानतालाई स्थानीय बिद्यालय पाठ्यक्रममा समावेश गरी स्थानीय शिक्षा प्रणालीलाई सुदृढिकरण गरिने छ । मानव अधिकारमैत्री समाज निर्माणका लागि सचेतनामूलक कार्यक्रम संचालन गरिने छ ।

३.५) गाउँपालिका क्षेत्र भित्र माध्यमिक तह सम्मको शिक्षा निशुल्क र अनिवार्य गरिने छ । शिक्षालाई गुणस्तरीय, ब्यवहारिक र ब्यवसायिक बनाइने छ ।

३.६) सबै वडाहरूमा यातायातका साधनहरू आवत जावत गर्न सक्ने गरी सडक संजाल विस्तार गरिने छ । सडक डिजाइन र निर्माण अपांग र पैदलयात्री बनाउदै लगिने छ । सार्वजनिक भवन लगायतका संरचनाहरू अपाङ्गमैत्री, वालमैत्री र महिलामैत्री बनाउँदै लगिने छ ।

३.७) रोजगारमूलक शिक्षामा जोड दिइने छ र स्थानीय तहमा नै रोजगार सृजना गर्ने कार्यक्रमहरू बनाई लागू गरिने छ । प्राविधिक तथा ब्यवसायिक शिक्षा गाउँपालिका भित्र उपलब्ध गराउने ब्यवस्था गरिने छ ।

३.८) गाउँपालिका क्षेत्र भित्र आधारभूत स्वास्थ्य सेवा निशुल्क गरिने छ र स्वास्थ्य सेवालाई अझ पहुँच योग्य र गुणस्तरीय बनाइने छ । प्रतिरोधात्मक स्वास्थ्य कार्यक्रमहरू संचालन गरिने छ । स्वास्थ्य बीमा तथा घुम्ती स्वास्थ्य सेवा कार्यक्रम संचालनमा ल्याइने छ । नसर्ने रोगहरूमा बिशेष ध्यान दिइने छ ।

३.९) सबैलाई स्वच्छ र सुरक्षित पिउने पानी र सबैको घरमा शौचालयको ब्यवस्था गरिने छ ।

३.१०) कृषिको उत्पादन बृद्धि र उत्पादकत्व बृद्धि, कृषि उत्पादनको उचित मूल्य र उपभोक्ताहरूलाई उचित मूल्यमा बस्तुहरू आपूर्ति गर्ने ब्यवस्था गरिने छ । कृषि सामाग्रीहरू सहुलियत र सहज उपलब्ध हुने ब्यवस्था गरिने छ ।

३.११) कृषि, पशुपालन, पर्यटन तथा साना उद्योगलाई प्राथमिक विकास क्षेत्रको रूपमा कार्यान्वयन गरिने छ । उद्यमशिलता बृद्धि गर्दै उद्यमहरूको विकास र बिस्तारमा जोड दिइने छ ।

३.१२) व्यक्तिगत घटना दर्तामा सवैको पहुँच सुनिश्चित गरिने छ र सबै ब्यक्तिहरूको कानूनी पहिचानको प्रत्याभूति गरिने छ ।

३.१३) बिपद् जोखिम न्यूनिकरणको लागि योजना बनाई कार्यान्वयन गरिने छ ।

३.१४) सूचनामा नागरिकको पहुँचलाई प्रत्याभूति गरिने छ । सबै घरहरूमा बिद्युत र सबै वडाहरूमा इन्टरनेट सेवा पुऱ्याइने छ ।

३.१५) बैदेशिक रोजगारमा जानेहरूलाई सुरक्षित र ब्यवस्थित गर्न आवश्यक नीति, अभिलेख तथा कार्यक्रम बनाई कार्यान्वयन गरिने छ ।

३.१६) बसाइ आउने परिवारहरूलाई सहज र व्यवस्थित गरिने छ ।

## ४. महिला अधिकार

४.१) महिलाहरू माथि हुने हिंसा र भेदभावमूलक ब्यवहारहरूलाई दण्डनीय बनाउन आवश्यक नीति तथा ब्यवस्था गरिने छ ।

४.२) महिलाहरूको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक र नागरिक अधिकार प्राप्तिका लागि समान अवसरको लागि लैंगिक समविकास नीति बनाई सशक्तिकरणका कार्यक्रमहरू संचालन गरिने छ । लैंगिक बजेट प्रणाली लागू गरिने छ । मातृस्वास्थ्य र परिवार नियोजनमा पहुँच सुनिश्चित गरिने छ ।

४.३) सबै सार्वजनिक निकायहरूको नेतृत्व तहमा महिलाहरूको सम्मानजनक र अर्थपूर्ण सहभागिताको सुनिश्चितता गरिने छ ।

४.४) समान प्रकृतिको कामको लागि महिला तथा पुरूषको समान ज्याला सुनिश्चित गरिने छ ।

४.५) आर्थिक रूपमा बिपन्न महिलाहरूलाई प्राथमिकतामा राखी सबै महिलाहरूलाई विकासमा मूलप्रवाहीकरण गरिने छ ।

## ५. बिशेष संरक्षण चाहिने समुह र सीमान्तकृतहरुलाई सेवा सुविधा

५.१) बाल अधिकारको प्रत्याभूतिको लागि वालमैत्री स्थानीय शासन प्रणाली कार्यान्वयन गरिने छ ।

५.२) कसैलाई पछाडि नपार्ने सिद्धान्त अनुसरण गर्दै महिला, दलित, बिपन्न, जेष्ठ नागरिक, अपांग, जोखिममा परेका र पर्न सक्ने ब्यक्ति तथा परिवार र पिछडिएको जनजातिहरूलाई आरक्षण तथा बिशेष सहुलियतको ब्यवस्था गरिने छ ।

५.३) बिपन्न र सीमान्तकृत समुहलाई प्रत्येक्ष लाभ हुने सामाजिक तथा आर्थिक विकासका कार्यक्रमहरू संचालन गरिने छ । आर्थिक उपार्जन, भूमि लगायत प्राकृतिक श्रोतहरूमा न्यायोचित पहुँच र स्वामित्वको लागि नीति नियम बनाई कार्यान्वयमा ल्याइने छ । विकास लाभ वितरण अनुगमन गर्न खण्डिकृत तथ्यांक प्रणालीको विकास गरिने छ ।

५.४) अति बिपन्न, अपांग, जेष्ठ नागरिक, एकल महिलाहरूलाई परिचय पत्र वितरण गरिने छ। उनीहरूलाई सामाजिक सुरक्षाको ब्यवस्था गरिने छ र सार्वजनिक सेवामा विशेष सहुलियतको ब्यवस्था गरिने छ । अपांगताको हकमा मापदण्ड बनाई सहुलियतको ब्यवस्था गरिने छ ।

५.५) युवाहरूको शिक्षा, रोजगारी, सुरक्षित आप्रवासन, प्रतिनिधित्व र निर्णय प्रक्रियामा सहभागितामा जोड दिइने छ। यौन तथा प्रजनन स्वास्थ्य अधिकार प्रबर्धन गरिने छ ।

५.६) गाउँपालिका भित्रको सबै भाषा, लिपि, संस्कृति र सम्पदाहरूको संरक्षण तथा विकास गरिने छ। गाउँपालिका क्षेत्र भित्रको सामाजिक सांस्कृतिक विविधतालाई सम्मान गरिने छ ।

## ६. वातावरण र प्राकृतिक श्रोत ब्यवस्थापन

६.१) गाउँपालिका क्षेत्र भित्र वातावरण प्रदूर्षण र ह्रासलाई पूर्ण रूपमा नियन्त्रण गरिने छ। प्राकृतिक श्रोतहरूको अनियन्त्रित दोहन र दुरूपयोग रोक्न मापदण्ड बनाई लागू गरिने छ। एकपटक प्रयोग गरिने प्लाष्टिक झोला निषेध गरिने छ। सबै फोहरमैलाहरूको दिगो ब्यवस्थापन गरिने छ ।

६.२) जलवायु परिवर्तनको नकारात्मक प्रभाव रोक्न स्थानीय अनुकूलन नीति एवं कार्ययोजना बनाई कार्यान्वयन

गरिने छ । भएका वन क्षेत्रको सुरक्षा गरिने छ र वन क्षेत्रको बिस्तार गरिदै लगिने छ । नविकरणनीय र स्वच्छ उर्जालाई प्रोत्साहन गरिने छ । जैविक विविधता र माटोको संरक्षणको लागि हर सम्भव प्रयास गरिने छ ।

६.३) सम्पूर्ण विकास निर्माणको कामहरू वातावरणमैत्री, अपांगमैत्री, लैंगिकमैत्री र समानतामा आधारित बनाइने छ ।

## ७. सदभाव, सहकार्य र समावेशी सहभागिता

७.१) नागरिक समाज, मानव अधिकारकर्मी तथा संचार जगत लगायतको स्वतन्त्रता र पेशागत मर्यादाको सम्मानका लागि एक आपसमा हातेमालो गर्दै अगाडि बढ्ने वातावरण सिर्जना गरिनेछ ।

७.२) विकास निर्माण सम्बन्धी कानून, नीति तथा योजना निर्माण र कार्यान्वयन गर्दा समावेशीता र सहभागिताको अभ्यास सुनिश्चित गरिने छ । नागरिक संग्लग्नता र नागरिक समाजको भूमिकालाई प्रोत्साहन गरिने छ । समग्र विकास गतिविधिहरू तथा सार्वजनिक प्रशासन मानव अधिकार र न्यायमा आधारित हुनेछ ।

७.३) मानव अधिकार र न्यायका सिद्धान्तहरू स्थानीय तहमा कार्यान्वयन गर्ने क्रममा अन्य पालिकाहरू, प्रदेश सरकार, संघीय सरकार, राष्ट्रिय मानव अधिकार आयोग

लगायत संवैधानिक निकायहरू, अन्य मुलुकहरूका मानव अधिकार स्थानीय सरकार र मानव अधिकार र न्यायका क्षेत्रमा काम गर्ने स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग समन्वय, सहकार्य र साझेदारीको लागि प्रतिबद्धता जाहेर गर्दछ । साथै संयुक्त राष्ट्र संघीय मानव अधिकार प्रणालीमा सहभागी हुदै समग्र मानव अधिकारको क्षेत्रमा योगदान गर्ने प्रतिबद्धता जाहेर गर्दछ ।

## ८. घोषणापत्र कार्यान्वयन संयन्त्र र प्रणाली

८.१) घोषणापत्रको प्रभावकारी कार्यान्वयन गर्नको लागि गाउँपालिका अध्यक्षको अध्यक्षतामा पहुपक्षीय सहभागिता रहने गरी स्थानीय संयन्त्र गठन गरिने छ ।

८.२) गाउँपालिकाले बनाउने सबै नीति, ऐन कानून, नियम, कार्यविधि र बिकास योजनाहरू मानव अधिकार र न्यायको सिद्धान्तमा आधारित हुने कुराको प्रत्याभूत गरिने छ । गाउँपालिकाको संगठनात्मक संरचना भित्र मानव अधिकार तथा न्याय शाखा स्थापना गरिने छ ।

८.३) मानव अधिकार उलंघन सम्बन्धी गुनासो, उजुरी ब्यवस्थापन तथा निगरानीको लागि मानव अधिकार परिषद स्थापना गरिने छ ।

*थप जानकारीका लागि सम्पर्क ठेगाना*

# बेथानचोक गाउँपालिका


ढुंखर्क, काभ्रेपलाञ्चोक

फोन नं.:०११ ४२१००२

इमेल: bethanchowkmun@gmail.com



प्रकाशन सहयोग : दिगो विकासको लागि राष्ट्रिय अभियान नेपाल, धुलिखेल